# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
(..................शाखा)

☎ ०८३-५२०२६३
०८३-५२०१४४
०८३-५२०१२८


पत्र संख्या:- २०८०/०८१
चलानी नम्वर:-

मिति:- २०८०/०५/१०

## करार कर्मचारी छनौट सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८०/०५/११)

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८०/०४/०२ गतेको निर्णय बमोजिम यस नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम देहायका पदमा खुला प्रतिस्पर्धात्मक प्रक्रियावाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

| क्र. स. | विज्ञापन नं. | पद | तह | सेवा/समुह | माग पद संख्या | खुला | महिला | आ.ज. | दलित |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | केन्द्र प्रमुख | अधिकृत छैठौं | प्राविधिक | १ | १ | ० | ० | ० |
| २ | ०२/२०८०/०८१ | सर्वेक्षक | सहायक पाँचौं | प्राविधिक | ३ | २ | १ | ० | ० |
| ३ | ०३/२०८०/०८१ | अमिन | सहायक चौथो | प्राविधिक | १२ | ७ | २ | २ | १ |
| ४ | ०४/२०८०/०८१ | लगत प्रविष्टकर्ता | सहायक चौथो | प्राविधिक/कम्प्युटर | ४ | ३ | १ | ० | ० |
| | जम्मा | | | | २० | १३ | ४ | २ | १ |

क) परिक्षाको किसिम:- लिखित, प्रयोगात्मक र अन्तरवार्ता र विज्ञापन नं. ०१ को हकमा प्रस्ताव पेश गर्ने र वार्ता विधिद्वरा छनौट गर्ने ।

ख ) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:-देहायका प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार स्वयमले प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्ने छ ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. सम्वन्धित पदको लागि न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
३. शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
४. स्थानीय बासिन्दाको हकमा/नागरिकता/जन्मदर्ता/बिवाहदर्ता/बसाईसराई दर्ताको प्रमाणपत्रको प्रतिलिपि
५. नगरपालिकाको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको नगदी रसिद
६. अनुभवको प्रमाणपत्रको प्रतिलिपि (कुनै संस्थामा शुरु नियुक्ति पत्र र प्रत्येक महिना तलब भुक्तान गरेको प्रमाणित पत्र भएमा मात्र)
७. तालिम सम्वन्धी प्रमाणपत्र (तालिम लिएको भए)

प्रमुख प्रशासकीय अधिकृत


Website :birendranagarmun.gov.np
Email : ito.birendranagarmun@gmail.com


Scanned with CamScanner

# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
(..............................शाखा)

☎ ०८३-५२०२६३
०८३-५२०१४४
०८३-५२०१२८


पत्र संख्याः- २०८०/०८१
चलानी नम्वरः-

मितिः- २०८०/०५/१०

ग) उमेर हदः- दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र वि.नं. १ को हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्ने ।

घ) कार्यशर्त तथा सेवा सुविधाः- तोकिए बमोजिम ।

ङ) दरखास्त दस्तुरः- छैठौं तहका लागि रु. १,०००।- पाँचौं तहका लागि रु. ७००।- चौथो तहका लागि ३००।- श्रेणी विहिन पदका लागि रु. २००।- र समावेशी तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारका हकमा थप समूह प्रत्येकका लागि पाँचौं तहको रु. २००।- र चौथो तहका लागि रु. १५०।- थप दस्तुर लाग्नेछ ।

च) दरखास्त बुझाउने अन्तिम मिति :- २०८०/०५/२५ गते सम्म र सो दिन विदा परेमा सो को भोलिपल्ट

छ) दरखास्त फारमः-यस कार्यालयको प्रशासन शाखा वा कार्यालयको वेभसाईट www.birendranagarmun.gov.np बाट प्राप्त गर्न सकिनेछ । रितपूर्वक दरखास्त फारम भरी कार्यालयमा बुझाउनु पर्नेछ। रित नपुगी तथा म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन ।

ज) कर्मचारी छनौट सम्वन्धमा थप अन्य निर्णय लिने अन्तिम अधिकार यस कार्यालयमा रहनेछ ।

आवश्यक न्युनतम योग्यता

१) ईन्जीनियरिङ्ग सेवा सर्भे समूह अधिकृत छैठौं पदका लागि मान्यता प्राप्त शिक्षण संस्थावाट सर्भे वा जियोमेटिक्स ईन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । मिति २०६८/०७/२१ मा प्रकाशित राजपत्र भाग ५ को सूचना वमोजिम सम्वत् २०६८ भाद्र १२ गतेको राजपत्रमा शैक्षिक योग्यता सम्वन्धी सूचना प्रकाशित हुनु अघि ईन्जिनियरिङ्ग सेवा सर्भे समूहमा वहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्युनतम शैक्षिक योग्यता मानिने छ ।

२) ईन्जि. सेवा /सर्भे समूह, सर्भेक्षक पदका लागि मान्यता प्राप्त शिक्षण संस्थावाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा ३ वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा १ वर्षको जुनियर नापी तालिम प्राप्त गरेको

३) ईन्जि. सेवा सर्भे समूह अमिन पदका लागि मान्यता प्राप्त शिक्षण संस्थावाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको ।

४) विविध सेवा सहायक कम्प्युटर (लगत प्रविष्टिकर्ता) पदका लागि मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थावाट कम्तिमा तीन महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयवाट Semi-Skilled Man Power को लागि सञ्चालित तीन महिनाको कम्प्युटर तालिम प्राप्त गरेको ।

..............................
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner